## हरिनास गाउँपालिकाको २५ औं बैठक

मितिः- २०८१/११/१९ समयः-११:३० बजे स्थानः- हरिनास गाउँपालिकाको बैठक कक्षमा आज मिति २०८१/११/१९ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिम नारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसार गाउँकार्यपालका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरू गरियो।

तपसिलः

| | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| २ | श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री इन्द्र बहादुर गुरूङ | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं.२ | |
| ५ | श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भरत थापा | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| ११ | श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| १२ | श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| १४ | श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री डोल वहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री शिव कुमार पौडेल | सचिव | |

अन्य आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री नोल वहादुर थापा | प्रशासन प्रमुख | |
| | श्री पुष्पा कुमारी बस्नेत | प्रशासन सहायक पाँचौ | |
| | श्री पर्शुराम सिग्देल | अध्यक्ष ज्यूको स्वकिय सचिव | |
| | श्री विदुर सिग्देल | स्वास्थ्य शाखा प्रमुख | |

मिति २०८१/११/१९

२५ औं कार्यपालिका बैठकका प्रस्तावहरू

प्रस्ताव नं १. विगतको वैठकको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं २. ठेक्का म्याद थप सम्बन्धमा।

प्रस्ताव नं ३. तेस्रो राष्ट्रिय एक्टिभ म्युजिक अवार्ड सम्बन्धमा।

प्रस्ताव नं ४. नेपाल मगर संघ मौलिक साँस्कृतिक महोत्सव सम्बन्धमा।

प्रस्ताव नं ५ प्रथम राष्ट्रिय भेट्रान्स वास्केट वल प्रतियोगिता सम्बन्धमा।

प्रस्ताव नं ६. हलुका सवारी चालक र कार्यालय सहयोगीको विज्ञापन गर्ने सम्बन्धमा।

प्रस्ताव नं ७. हरिनास-३ मा सिरिनडाँडा खेल मैदान निर्माण सम्बन्धमा।

प्रस्ताव नं ८. हरिनास -५मा बाह्रविसे चुच्चे ढुङ्गा बाँध मर्मत योजना सम्बन्धमा।

प्रस्ताव नं ९. हरिनास-६ मा विर्ताबगर सिँचाइ योजना निर्माण सम्बन्धमा।

प्रस्ताव नं १०. विविध।

(क) साउन्ड सिस्टम खरिद सम्बन्धमा।

(ख) प्रधानमन्त्री रोजगरा कार्यक्रम साझेदारी समब्नधमा।

(ग) सार्वजनिक सुनुवाइ गर्ने सम्बन्धमा।

(घ) विशेष र समपुरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा।

## २५ औं कार्यपालिका बैठकका निर्णयहरू

निर्णय नं. १. विगतमा बसेको कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयन भएको लाई निरन्तरता दिने र कार्यान्वयन नभएका निर्णयहरू कार्यान्वयनका लागि पहल गर्ने निर्णय गरियो।

निर्णय नं. २. दग्दी-कुलुङखोला- दोभान-बडहरभन्ज्याङ किहुँ ग्रामिण सडकको स्तरउन्नती तथा कालोपत्रे (Contract ID:- HRNS-W-NCB-RR-01-077-78) PART-01 कार्यको म्याद मिति २०८१/०८/३० मा समाप्त भएको र विविध कारणवस तोकिएको समयमै सम्पन्न हुन नसकेको कारण खुलाई मिति २०८१/०८/०२ मा म्याद थपको लागि निवेदन पेश गरेकोले उक्त ग्रामिण सडकको कालोपत्रे तथा स्तरउन्नतिको लागि मिति २०८१/१२/३० सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं. ३. तेस्रो राष्ट्रिय एक्टिभ म्युजिक अवार्ड को लागि यस हरिनास गाउँपालिकाको आ.व. २०८१/०८२ को जनतासँग अध्यक्ष कार्यक्रम शिर्षकबाट रू. २५०००/- (पच्चिस हजार) प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ४. नेपाल मगर संघ मौलिक साँस्कृतिक महोत्सवको लागि यस हरिनास गाउँपालिकाको आ.व. २०८१/०८२ को जनतासँग अध्यक्ष कार्यक्रम शिर्षकबाट रू. २५०००/- (पच्चिस हजार) प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ५. प्रथम राष्ट्रिय भेट्रास वास्केट वल प्रतियोगिता सञ्चालनको लागि यस हरिनास गाउँपालिकाको आ.व. २०८१/०८२ को जनतासँग अध्यक्ष कार्यक्रम शिर्षकबाट रू. ५०,०००/- (पचास हजार) प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ६. यस हरिनास गाउँपालिकामा कार्यरत हलुका सवारी चालकको मिति २०८१/११/१३ गते करारनामा समाप्त भएको र यसै कार्यालयमा कार्यालय सहयोगीको लागि कर्मचारी आवश्यकता भएकाले उक्त पदमा विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो।

निर्णय नं. ७. यस हरिनास गाउँपालिका वडा नं ३ स्थित सिरिनडाँडा खेल मैदान निर्माणका लागि यस हरिनास गाउँपालिका आ.व. २०८१/०८२ को जनतासँग अध्यक्ष कार्यक्रम शिर्षकबाट रू. ४०००००/- (चार लाख) रकम विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ८. हरिनास गाउँपालिका वडा नं ५ स्थिति बाहविसे चुच्चे ढुङ्गाबाँध निर्माण आयोजनाका लागि जनतासँग अध्यक्ष कार्यक्रम मार्फत रु. ५००००/- (पचास हजार) विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ९. यस हरिनास गाउँपालिका वडा नं-६ स्थित विर्तावगर सिँचाइ आयोजना निर्माणका लागि यस हरिनास गाउँपालिका आ.व. २०८१/०८२ को जनतासँग अध्यक्ष कार्यक्रम शिर्षकबाट रू. ४२०००/- (वयालिस हजार) विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १०. विविध।

निर्णय नं. १०.(क) हरिनास गाउँपालिका वडा नं-३ छाक्रा स्थित जनजागृती युवा कलबका लागि यस हरिनास गाउँपालिकाको आ.व. २०८१/०८२ को जनतासँग अध्यक्ष कार्यक्रम शिर्षकबाट रू. ७८६००/

(अठहत्तर हजार, छ सय) रकम विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं.१०. (ख) प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारीको लागि आ.व. २०८१/०८२ मा यस हरिनास गाउँपालिकाको वडा नं २-७ मा रू ७०००००/(सात लाख) लाई समान दरले विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १०. (ग) यस हरिनास गाउँपालिका आ.व. २०८१/०८२ को चौमासिक सार्वजनिक सुनुवाई मिति २०८१/१२/०८ गते गर्ने निर्णय गरियो।

निर्णय नं १०.(घ) प्रदेश वित्त व्यवस्थापन ऐन, ०७५ बमोजिम गण्डकी प्रदेश सरकारद्वारा स्थानीय तहलाई प्रदान गरिने वित्तीय हस्तान्तरण अन्तर्गत आगामी आर्थिक वर्ष २०८२/८३ को लागि विशेष र समपुरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (दोस्रो संशोधन) कार्यविधी, २०८१" को अनुसूची-३ बमोजिमको ढाँचामा तीन वटा आयोजना तथा कार्यक्रम प्राथमिकिकरण सहित प्रस्ताव गरी गण्डकी प्रदेश नीति तथा आयोजना आयोगमा पेश गर्नु भनि आएकोमा यस हरिनास गाउँपालिकाबाट देहायबमोजिमका नीति तथा आयोजनाको प्रस्ताव पेश गर्ने,

<u>देहायः</u>

अ) समपुरक अनुदानतर्फः

क) दग्दी कुलुङ्खोला बडरभञ्ज्याङ किहुँ तनहुँ जोड्ने सडक (खण्ड-०६)

ख) गृहकोट-क्याक्मी सडक खण्ड,

आ) विशेष अनुदानतर्फः

क) वडा स्तरीय स्वास्थ्य इकाइ भवन (Type-2),

शिव नारायण बानियाँ
अध्यक्ष